मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : १९२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ जेठ १६ गते बुधवार (Wednesday, 29 May . 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily .com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

## खोलामा डुबेर मृत्यु

**झापा, जेठ १५ ।** झापाको मेचीनगर नगरपालिका-३ स्थित निन्दा खोलामा डुबेर एक शिक्षकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा मेचीनगर-३ बडाखालका ४० वर्षीय धनराज भण्डारी रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

मृतक भण्डारी नवज्योति निमाविका शिक्षक हुन् । प्रहरीका अनुसार मंगलबार दिउँसो १ बजेको समयमा भण्डारी निन्दा खोलामा पौडी खेल्न गएका थिए ।

त्यस क्रममा डुबेर बेहोस भएका भण्डारीलाई स्थानीयले देखेर उपचारका लागि बीएण्डसी अस्पताल बिर्तामोड पठाएका थिए । उनको दिउँसो २:३४ बजे उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

### गत वर्ष भन्दा ६ प्रतिशतले बढ्यो बजेट

# १८ खर्ब ६० अर्बको बजेट प्रस्तुत

**झापा, जेठ १५ ।** सरकारले आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि रु. १८ खर्ब ६० अर्ब ३० करोड बराबरको बजेट ल्याएको छ ।

यो बजेट अघिल्लो आर्थिक वर्षको भन्दा ६ दशमलब २ प्रतिशतले बढी हो । अर्थमन्त्री वर्षमान पुनले मंगलबार संसद्मा प्रस्तुत गरेको बजेट कूल विनियोजनमध्ये चालूतर्फ रु. ११ खर्ब ४० अर्ब ६६ करोड अर्थात् ६१ दशमलव ३१ प्रतिशत पुँजीगततर्फ रु. तीन खर्ब ५२ अर्ब ३५ करोड अर्थात् कूल विनियोजनको १८ दशमलव ९४ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु. तीन खर्ब ६७ अर्ब २८ करोड अर्थात् १९ दशमलव ७४ प्रतिशत बजेट विनियोजन गरिएको छ ।

यो खर्च अनुमान चालू आवको विनियोजनको तुलनामा छ दशमलव दुई प्रतिशतले बढी र संशोधित अनुमानको तुलनामा २१ दशमलव ५६ प्रतिशतले बढी हो । कूल विनियोजनमा प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ रु. चार खर्ब आठ अर्ब ८७ करोड विनियोजन गरिएको छ ।

आगामी आवका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये राजश्वबाट रु. १२ खर्ब ६० अर्ब ३० करोड र वैदेशिक अनुदानबाट रु. ५२ अर्ब ३३ करोड व्यहोरिने छ र बाँकी वैदेशिक ऋणबाट रु. दुई खर्ब १७ अर्ब ६७ करोड र आन्तरिक ऋणबाट रु. तीन खर्ब ३० अर्ब आन्तरिक ऋणबाट व्यहोरिने छ ।

सरकारले आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि आर्थिक वृद्धिदर छ प्रतिशत र मुद्रास्फीति साढे पाँच प्रतिशत रहने अनुमान सार्वजनिक गरेको छ । सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकमा मंगलवार अर्थमन्त्री वर्षमान पुनद्वारा प्रस्तुत आर्थिक वर्ष २०८१ /०८२ को बजेटमा यस्तो अनुमान गरिएको हो ।

बजेटमा प्रस्ताव गरिएका नीति तथा कार्यक्रमको कार्यान्वयनबाट आगामी आर्थिक वर्ष छ प्रतिशत आर्थिक वृद्धि हासिल हुने अनुमान गरेको छु । आगामी वर्ष मुद्रास्फीति पाँच दशमलव पाँच प्रतिशत रहने अनुमान छ- अर्थमन्त्री पुनले भने -बजेटमा उल्लेखित नीति तथा कार्यक्रमको कार्यान्वयनमा सघाउ पुग्ने गरी नेपाल राष्ट्र बैंकबाट मौद्रिक नीति तर्जुमा हुनेछ । यो बजेटको कार्यान्वयनबाट आर्थिक गतिविधिमा तीव्रता आउने र उत्पादन वृद्धि तथा रोजगार सिर्जना हुन गई दिगो, फराकिलो एवम् समावेशी आर्थिक वृद्धि हासिल हुने विश्वास लिएको छु ।

चालू आर्थिक वर्षका लागि भने सरकारले छ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य बजेटबाट निर्धारण गरेको भएपनि निकै कम देखिएको छ । उपभोक्ता मागमा कमी आउनु, कर्जाको विस्तार न्यून हुनु, उत्पादनमूलक क्षेत्र न्यून क्षमतामा सञ्चालन हुनु र वस्तुको आयातमा कमी आउनु लगायतका कारण



आर्थिक क्रियाकलापमा अपेक्षित विस्तार हुन नसकेकाले चालू आर्थिक वर्षमा आर्थिक वृद्धिदर उत्पादकको मूल्यमा तीन दशमलव नौ प्रतिशत मात्र हुने प्रारम्भिक अनुमान छ- बजेट वक्तव्यमा भनिएको छ,- चालू आर्थिक वर्षको चैत महिनामा औसत मूल्य वृद्धि ४.६ प्रतिशतमा सीमित रहेको छ ।

**करका दरमा हेरफेर**

सरकारले विभिन्न वस्तु तथा सेवाको करका दरमा हेरफेर गरेको छ । सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकमा अर्थमन्त्री पुनद्वारा प्रस्तुत आर्थिक वर्ष २०८१/०८२ को बजेटमा उद्योगले पैठारी गर्ने कच्चा पदार्थमा लाग्ने महसुल भन्दा तयारी वस्तुको पैठारीमा लाग्ने महसुल कम्तीमा एक तह कम गरिएको छ ।

स्वदेशी उद्योगलाई प्राथमिकता र प्रश्रय दिन औषधि, इन्डक्सन चुल्हो, धागो, हेल्मेट, अगरबत्ती, सेनिटरी प्याड, काजु र बदाम प्रशोधन, स्प्रिङ पत्ता बनाउने उद्योग लगायतका उद्योगको कच्चा पदार्थमा लागेको पैठारी महसुल र अन्तः शुल्क घटाइएको छ । मूल्य अभिवृद्धि कर छुट दिइएका वस्तु र सेवाको सूची घटाउँदै स्वच्छ कर प्रणाली विकास गर्न र कराधार विस्तार गर्न केही वस्तुमा मूल्य अभिवृद्धि कर छुट दिने व्यवस्था खारेज गरेको छु । आलु, प्याज, स्याउ लगायतका तरकारी एवम् फलफूलमा लागेको मूल्य अभिवृद्धि कर खारेज गरेको छु - अर्थमन्त्री पुनले भने -यसबाट स्वदेशी उत्पादन संरक्षणमा टेवा पुग्ने विश्वास लिएको छु ।

मदिरा, वियर, सूर्ति र चुरोटमा लगाइएको अन्तः शुल्कको दरमा वृद्धि गरिएको छ । त्यस्तै, मूल्य अभिवृद्धि करमा दर्ताका लागि वस्तु र सेवाको मिश्रित कारोवारमा हाल रहेको थ्रेसहोल्डमा वृद्धि गरी तीस लाख पुऱ्याइएको छ । पेट्रोलियम पदार्थ र कोइलाको पैठारीमा हरित कर लगाइएको छ । स्वदेशी उद्योगको संरक्षण गर्न केही तयारी वस्तुको पैठारी महसुल र अन्तःशुल्कमा वृद्धि गर्ने नीति सरकारले लिएको छ । उद्योगको कच्चा पदार्थको पैठारीमा सहुलियत लिन विभिन्न निकायको सिफारिश आवश्यक पर्ने व्यवस्थामा सुधार गरी उद्योगीलाई नै जिम्मेवार बनाउने व्यवस्था मिलाउने बजेटमा उल्लेख छ ।

वैदेशिक पुँजी आकर्षित गर्न जनाउँदै सरकारले विदेशी बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋणको व्याज भुक्तानी गर्दा लाग्दै आएको आयकर घटाएको छ । लगानी सम्भाव्य मुलुकबाट लगानी आप्रवाह वृद्धि गर्न दोहोरो करमुक्ति सम्झौताको मोडल विकास गरिनेछ । सो नमूनाका आधारमा सम्भाव्य मुलुकसँग सम्झौता गर्न वार्ता शुरू गरिनेछ- बजेट वक्तव्यमा भनिएको छ ।

त्यस्तै, सूचना प्रविधि उद्योगले आफ्नो नाफा पुँजीकरण गरेमा लाग्ने लाभांश करमा छुट दिने व्यवस्था बजेटमा राखिएको छ । व्यवसायको क्षमता विस्तारका लागि पुँजी वृद्धि गरेको अवस्थामा नियन्त्रणमा परिवर्तनका कारण लाग्ने करमा सहुलियत दिने व्यवस्था पनि सरकारले ल्याएको छ । यसबाट खासगरी स्टार्ट अप र भेन्चर क्यापिटल, प्राइभेट इक्विटि फन्ड लाभान्वित हुने विश्वास लिइएको छ । अन्तर्राष्ट्रिय तथा क्षेत्रीय स्तरमा गरिएका प्रतिवद्धता तथा सम्झौताबमोजिम व्यापार सहजीकरण एवम् लगानी प्रवर्द्धन गर्न नयाँ भन्सार ऐन तर्जुमा गरिने योजना सरकारले अघि सारेको छ । दैनिक एक हजार लिटरभन्दा बढी दूध उत्पादन गर्ने पशुपालन फर्म तथा उद्योगले पैठारी गर्ने स्टिल मिल्क क्यानमा लाग्दै आएको १५ प्रतिशत भन्सार महसुल घटाइ एक प्रतिशत मात्र कायम गरिएको छ ।

निकासीकर्ताले विदेशी मुद्रा प्राप्तिको कागजात तत्काल पेश गर्न नसक्ने अवस्था भएमा त्यस्तो कागजात पछि पेश गर्ने शर्तमा निकासी गर्न सकिने निकासी मूल्यको सीमा साविकको अमेरिकी डलर १० हजारबाट वृद्धि गरी २५ हजार पुऱ्याइएको छ । यसबाट खासगरी साना तथा मझौला निकासी कर्ता उद्योग लाभान्वित हुने ठानिएको छ । वनमारा, पात पतिङ्गरलगायत खेर जाने सामग्रीबाट बन्ने पिलेटको निकासीमा लाग्ने महशुल हटाइएको छ । अपाङ्गता भएका व्यक्तिले पैठारी गर्ने स्कुटरमा मूल्य अभिवृद्धि कर फिर्ता दिने व्यवस्थाको सट्टा भन्सार विन्दुमा नै छुट दिने व्यवस्था बजेटमा राखिएको छ ।

आन्तरिक राजश्व परिचालन रणनीति तर्जुमा गरी लागू गर्ने, छैठौं चरणको भन्सार सुधार तथा आधुनिकीकरण योजनाबमोजिम भन्सार प्रशासन सुधार गर्ने, राजश्व प्रशासनको विभागीय प्रमुखमा पदस्थापन गर्दा आवश्यक पर्ने निश्चित योग्यता एवम् कार्यअनुभव सहितको मापदण्ड तर्जुमा गरी कार्यान्वयन गर्ने, कर प्रणाली सुधारसम्बन्धी उच्चस्तरीय सुझाव समितिको प्रतिवेदन कार्यान्वयन गर्दै लगिने लगायतका व्यवस्था बजेटमा राखिएका छन् ।

त्यस्तै, कर छुट दिँदा सरकारले त्याग गरेको करको हिसाब सरकारको वित्तीय प्रतिवेदनमा प्रतिबिम्बित हुने गरी कर खर्च प्रणाली अबलम्बन गरिने, विकास सहायता सम्बन्धी नयाँ सम्झौता गर्दा आयोजनालाई कर छुट दिने व्यवस्था गर्नुको सट्टा कर फिर्ता वा निकासाको माध्यमबाट कर छुट प्रदान गर्ने व्यवस्था मिलाइनेलगायत विषय बजेटमा परेका छन् ।

मूल्य अभिवृद्धि करमा दर्ता भएका सबै करदाताले क्रमशः अनिवार्य रूपमा विद्युतीय प्रणालीबाट बिजक जारी गर्नुपर्ने व्यवस्था मिलाइने बजेटमा उल्लेख छ । वार्षिक रु. २५ करोड भन्दा बढीको कारोवार गर्ने सबै करदाताको कारोवारलाई केन्द्रीय बिजक अनुगमन प्रणालीमा आवद्ध गर्नुपर्नेछ ।

उपभोक्तालाई बिलिङ प्रणालीमा आकर्षित गर्न डिजिटल माध्यमबाट भुक्तानी गरिएको मूल्य अभिवृद्धि करको १० प्रतिशत रकम उपभोक्तालाई फिर्ता दिने व्यवस्थाको कार्यान्वयनमा देखिएका समस्या समाधान गरी आगामी साउनदेखि प्रभावकारी रूपमा कार्यान्वयन गरिने जनाइएको छ ।

सबै सरकारी निकायले स्थायी लेखा नम्बर लिई विद्युतीय माध्यमबाट अग्रिम कर कट्टीको विवरण दिनुपर्ने व्यवस्थालाई अनिवार्य गर्ने योजना अघि सारिएको छ । त्यस्तै, स्थानीय तहसँग समन्वय र सहकार्य गरी एकीकृत रूपमा करदाता दर्ता गर्ने र करका विवरण सङ्कलन गर्ने कार्यमा सहयोग आदान प्रदान गर्न सूचना प्रणालीको विकास गरिने जनाइएको छ । करदाताको सङ्ख्या र कारोवारको प्रकृतिअनुसार आन्तरिक राजश्व कार्यालय र करदाता सेवा कार्यालयको विस्तार एवम् स्तरोन्नति गर्ने, भन्सार प्रशासनको संगठनात्मक सुधार गर्ने, भन्सार जाँचपास कार्यालयको पुनर्संरचना गरी जाँचपास पछिको परीक्षण कार्यलाई प्रभावकारी बनाइनेलगायत विषय बजेट वक्तव्यमा परेका छन् ।

त्यसैगरी, राजश्व प्रशासनमा कार्यसम्पादनमा आधारित व्यवस्थापन प्रणाली लागू गर्ने बजेट वक्तव्यमा उल्लेख छ । राजश्व प्रशासनमा कार्यरत कर्मचारीको व्यावसायिकता एवम् मनोबल उच्च राख्न उपयुक्त उत्प्रेरणाको व्यवस्था गरिने, बैंक तथा वित्तीय संस्थामा पेश गरिएका वित्तीय विवरण र कर सूचना प्रणालीमा

(बाँकी अन्तिम पृष्ठमा)

## गर्भवती र सुत्केरीलाई पौष्टिक पिठो

**बनियानी, जेठ १५।** झापाका गर्भवती तथा सुत्केरीका लागि कोशी प्रदेश सरकारले पौष्टिक पिठो उपलब्ध गराएको छ । तीन महिनाकी गर्भवतीदेखि दुई वर्षसम्मको सुत्केरीका लागि प्रदेश सरकारले झापाका लागि ३० हजार नौ सय २० किलो पौष्टिक पिठो उपलब्ध गराएको हो ।

स्वास्थ्य कार्यालय झापाका जनस्वास्थ्य निरीक्षक विश्वनाथ श्रेष्ठका अनुसार आमा र शिशुलाई आवश्यक पौष्टिकतत्व पूर्ति गरी उनीहरूको स्वास्थ्यमा सुधार ल्याउन प्रदेश सरकारले उक्त कार्यक्रम ल्याएको हो । उनले भने -आर्थिक अवस्था कमजोर भएका गर्भवती र सुत्केरीलाई यसबाट बढी फाइदा पुग्नेछ ।

झापाका १५ वटै स्थानीय तहलाई पौष्टिक पिठो निःशुल्क वितरणका लागि उपलब्ध गराइएको जनस्वास्थ्य निरीक्षक श्रेष्ठले बताए । पहिलो चरणमा मेचीनगरमा एक हजार आठ सय किलो, बुद्धशान्तिमा एक हजार किलो, अर्जुनधारामा एक हजार चार सय किलो, कनकाईमा सात सय किलो, शिवसताक्षीमा एक हजार दुई सय किलो, दमकमा एक हजार ६ सय किलो तथा कमलमा एक हजार किलो पौष्टिक पिठो उपलब्ध गराएको छ ।

त्यस्तै दमकमा एक हजार ६ सय किलो, गौरादहमा एक हजार दुई सय किलो, गौरीगञ्जमा एक हजार किलो, झापा गाउँपालिकामा नौ सय किलो, बाह्रदशीमा नौ सय किलो, बिर्तामोडमा एक हजार दुई सय किलो, हल्दिबारीमा एक हजार किलो, भद्रपुरमा एक हजार दुई सय किलो तथा कचनकवलमा नौ सय किलो पिठो पठाएको जनस्वास्थ्य निरीक्षक श्रेष्ठले बताए । सम्बन्धित पालिकाले उक्त पिठो स्वास्थ्य संस्थाबाट लक्षित वर्गलाई निःशुल्क वितरण गर्ने छन् ।

## कोशीमा श्रमाधान रोजगार मेलाको तयारी

**इटहरी, जेठ १५।** आन्तरिक रोजगारीलाई प्रवर्द्धन गर्ने तथा वैदेशिक रोजगारीलाई व्यवस्थित गर्ने उद्देश्यले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले 'श्रमाधान रोजगार मेला' आयोजनाको तयारी गरेको छ । नेपाली नागरिकको श्रम यात्रा र रोजगारीका बहुआयामिक आवश्यकतालाई एकद्वार प्रणालीबाट सम्बोधन गर्ने उद्देश्यले 'श्रमाधान रोजगार मेला' आयोजना गर्न लागिएको हो ।

देशका सातै प्रदेशमा हुने 'श्रमाधान रोजगार मेला' कोशी प्रदेशको विराटनरबाट जेठ १७ गते शुभारम्भ हुनेछ । कोशी प्रदेशबाट आरम्भ हुने मेलाको भव्य कार्यक्रमबीच प्रधानमन्त्री पुष्पकमल दाहालले उद्घाटन गर्ने कार्यक्रम छ ।

युवाले देशभित्रै काम पाउने वातावरण निर्माण गर्ने ध्येयका साथ आयोजना गरिएको मेलाको मुख्य उद्देश्य रोजगारी सिर्जनाका लागि सरकारी र निजी क्षेत्रबीचको साझेदारीलाई प्रवर्द्धन गरेर लैजानु हो । मेलालाई सिप तथा क्षमता विकासका सम्भावना र उपयोगका लागि मध्यस्थता गर्ने प्लेटफर्मका रुपमा लिइएको छ । अर्थात्, रोजगार मेला कामको खोजीमा

(बाँकी अन्तिम पृष्ठमा)

# मेची भन्सारले क्षेत्राधिकार मिचेको आरोप

पार्थ मण्डल

**भद्रपुर, जेठ १५।** व्यवसायीले बिलबिजक देखाउँदा-देखाउँदै गोदामबाट जबरजस्ती उठाइएको लत्ताकपडा सशस्त्र प्रहरीले नियम मिचेर भन्सार बुझाएको पाइएको छ ।

मेची भन्सार कार्यालय काँकरभिट्टाले पनि आफ्नो क्षेत्राधिकार मिच्दै सशस्त्रले लगेको सामान हचुवाको भरमा बुझेको पाइएको छ । सशस्त्रले बिलबिजक भएको सामान आवश्यक भए कारबाहीका लागि राजश्व अनुसन्धान कार्यालय बुझाउनु पर्ने हो । मेचीका प्रमुख भन्सार अधिकृत रामप्रसाद रेग्मी बिदामा रहेका बेला सशस्त्रले गोदामबाट लगेको लत्ताकपडालाई बेवारिसे अवस्थामा भेटिएको भन्दै भन्सार बुझाएको थियो । झापाका प्रहरी, प्रशासन प्रमुखहरुको दबाबमा प्रमुख भन्सार अधिकृत रेग्मीले फोनमार्फत नै भन्सार कर्मचारीलाई सशस्त्रले ल्याएको सामान बुझ्न आदेश दिएका बताइन्छ । प्रमुख भन्सार अधिकृत रेग्मीको आदेश पालना गर्दै कर्मचारी सामान बुझ्न बाध्य भएको भन्सार स्रोतले जनाएको छ ।

स्रोतले भन्यो -प्रमुख भन्सार अधिकृतज्यूले सशस्त्रले ल्याएको सामान अहिले बुझ्नुहोस्, म आएर हेरौंला के रहेछ भनेपछि सामान मुद्दा फाँटका कर्मचारीले



बुझेका थिए । भद्रपुर भन्सार कार्यालयले बुझ्न नमानेको सामान मेची भन्सारले बुझेपछि प्रहरी, प्रशासन प्रमुखहरूको हस्तक्षेपप्रति व्यवसायीहरू आक्रोशित देखिएका छन् ।

सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित, सीमा सुरक्षा गुल्म घेरावारीका डीएसपी प्रभातकुमार गौतमले कचनकवल गाउँपालिका-६ बनियानीस्थित जमनाल मियाँको घर भाडा लिएर राखेको गोदामबाट जबरजस्ती लत्ताकपडा भन्सार पुऱ्याएपछि एके सप्लायर्सका सञ्चालकका अरुण साह पनि भन्सार पुगेका थिए । साह लत्ताकपडा खरिद गरेको बिक्रेताको भ्याट बिलसहित भन्सार पुगे । प्रमुख भन्सा अधिकृत रेग्मी सर बिदामा हुनुहुन्छ, उहाँ आएपछि आउनु होला भनी त्यहाँका कर्मचारीले मलाई फर्काए - व्यवसायी साहले भने । प्रमुख भन्सार अधिकृत रेग्मी आइतबार कार्यालयमा हाजिर भएका थिए । व्यवसायी साह सामानको बिलबिजकसहित आइतबार नै भन्सार पुगे । तर, प्रमुख भन्सार अधिकृत रेग्मीले सामानको बिलबिजक नै हेर्न मान्नु भएन -व्यवसायी साहले भने -उहाँले उल्टै धम्क्याउनु भयो, यो सामान जफत भइसकेको छ, ४८ लाख धरौटी रकम बुझाउनु होस्, अनि प्रक्रिया अघि बढ्छ । आफू बिदामा बस्ने । अनि अहिले बिलबिजक हेर्दिन भन्न मिल्छ ? सशस्त्रले पनि भ्याट बिलको ओसी पेपर सामानसहित लगेको थियो -साहले भने ।

भद्रपुर र जय श्री दुर्गा भवानी स्टोर बिर्तामोडबाट खरिद गरी ल्याएर राखेका थियौं । सशस्त्रले दादागिरी शैलीमा वैध सामानलाई अवैध भन्न मिल्छ ? सशस्त्रले लगेको सामान किन भद्रपुर भन्सार बुझाएन ? राजश्व अनुसन्धान कार्यालय किन लगेन ? राजश्व लगेको भए बोल्ने बाटो हुँदैन थियो, राजश्वले जे कारबाही गर्थ्यो, भोग्न तयार हुन्थ्यौं -उनले भने ।

जिल्लाका प्रहरी, प्रशासन प्रमुखहरू साना व्यवसायीलाई विस्थापित गराउने खेलमा लागेको उनको आरोप छ । अब यस विषयमा अदालत जाने उनले बताए । गत जेठ ७ गते दिउँसो करिब १ बजेको समयमा सशस्त्रका डीएसपी गौतम नेतृत्वको टोलीले सप्लायर्सका सञ्चालक साहको सामान राखिएको मियाँको घर गोदाम घेराउ गरेपछि आन्तरिक राजश्वका कर कार्यालयका कर अधिकृत तिलक थापा मगर र नायव सुब्बा विशाल काफ्ले पनि घटनास्थल पुगेका थिए ।

उनीहरूले सामान अनुसारको बिलबिजक मिलाउन नसकेपछि बीचमै छाडेर हिँडेका थिए ।

यता सशस्त्रले वेवारिसे अवस्थामा भन्सार छलीका सामान भेटिएको भनी भन्सार बुझाएको मेची भन्सार कार्यालयका सूचना अधिकारी गणपति कँडेलले जानकारी दिएका छन् । सशस्त्रले सामानसहित बिल नल्याएपछि बुझ्न बाध्य भएको उनको

(बाँकी अन्तिम पृष्ठमा)

# समस्या लुकाउँदा उपचारमा ढिलाइ

**झापा, जेठ १५।** कचनकबल गाउँपालिका-३ की ४६ वर्षीया मनसरी राजवंशी चिकित्सकले चुराजस्तो वस्तु पाठेघरमा राखिदिएपछि आङ खस्ने समस्याबाट मुक्त भएकी छन् ।

अहिले उनी सहजरुपमा आफ्नो दैनिकीमा फर्किएकी छन् । पिसाब चुहिन्थ्यो र पिसाब घर गन्हाउँथ्यो -उपचार अघि भोगेको पीडा सुनाउँदै उनी भन्छिन् -जति नुहाए पनि शरीरबाट दुर्गन्ध आइरहन्थ्यो, पाहुना भएर आफन्त र छिमेकीको घर जान पनि छाडिसकेकी थिएँ, घरको धन्धा र खेतबारीको काम गर्दा निकै शारीरिक पीडा हुन्थ्यो ।

विर्तामोडस्थित बीएण्डसी टिचिङ हस्पिटलमा उपचार गराएपछि उनी अहिले पीडामुक्त भएको बताउँछिन् । वर्षौंसम्म रोग लुकाएर बसेका कारण उपचार पाउन ढिलो भएको उनले बताइन् । मनसरी जस्तै वर्षौंसम्म रोग लुकाएर पाठेघर (आङ) खस्ने समस्याको पीडा भोगिरहेका महिला समाजमा थुप्रै रहेको स्त्री रोग तथा क्यान्सर विशेषज्ञ डा. ज्योति भजु लामा बताउँछिन् । उनले धेरैजसो महिला लामो समयसम्म रोग लुकाएर सास्ती भोगेपछि अन्तिममा मात्र उपचारका लागि अस्पताल धाउने गरेको बताइन् ।

डा. लामाले नेपालमा १० देखि २० प्रतिशत महिलाले आङ खस्ने स्वास्थ्य समस्या भोगिरहेका र धेरैजसो उपचारको पहुँचभन्दा बाहिर रहेको जानकारी दिइन् । धेरै सन्तान जन्माउने, कम उमेरमा बिहे गर्ने, सुत्केरीका बेला धेरै काम गर्ने, कब्जियत हुने र धेरै सुर्ती सेवन गर्ने महिलालाई आङ खस्ने समस्या देखापर्ने गरेको बताइन् ।

रोग लुकाएर बस्ने बानीले घाउ पाकेर अल्सर हुने जनाउँदै उनले पहिलो चरणमै समस्या थाहा भएमा फिजियोथेरापीबाटै र अरू चरणका बिरामीलाई सिलिकन रिङ लगाएर तथा शल्यक्रिया गरेर उपचार गरिने जानकारी दिइन् । गरिबी छ, उपचार गर्ने पैसा छैन, उपचार गराउन धेरै खर्च हुन्छ भन्ने चिन्ता छ- पीडित महिलाको समस्याबारे उनी भन्छिन् -आङ खस्ने समस्या भएका महिलालाई छिटोभन्दा छिटो उपचारमा लैजानुपर्ने हुन्छ, ढिलो गऱ्यो भने शल्यक्रिया गरेरै पाठेघर फाल्नुपर्ने अवस्था आउन सक्छ, बेलैमा अस्पताल पुग्दा औषधिबाटै उपचार गर्न सकिन्छ ।

यसैबीच लायन्स क्लब अफ बिर्तामोड लेडीले सोमबार विर्तामोड-६ बुट्टाबारीमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्दा ८१ महिलाले पाठेघर जँचाएका थिए । त्यसमध्ये ११ महिलामा आङ खस्ने समस्या पाइएको लायन्स क्लब अफ बिर्तामोड लेडीकी अध्यक्ष निरु ओलीले जानकारी दिइन् ।

पाठेघरसम्बन्धी सचेतना तथा पाठेघरको मुखको क्यान्सर जाँचका लागि उक्त शिविरको आयोजना गरिएको थियो । विर्तामोडका नगरप्रमुख पवित्रा महतराले आङ खस्ने समस्या भोगिरहेका महिलालाई आर्थिक विपन्नता उपचारको बाधक नबनोस् भन्नेमा नगरपालिका सचेत रहेको जनाउँदै महिलाले पनि रोग लुकाएर समस्या समाधान हुँदैन भन्ने बुझ्न आवश्यक रहेको बताइन् । स्वास्थ्य पत्रकार एवम् हेल्थ आवाज अनलाइनका सम्पादक भिषा काफ्ले प्रत्येक नेपाली महिलालाई सुरक्षित प्रजनन हक र हरेक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क पाउने हक रहेको बताए ।

## १८ खर्ब ...

पेश भएका विवरणबीच आबद्धता कायम गर्ने, स्वचालित प्रणाली विस्तार गरी लागू गरिनेलगायत व्यवस्था बजेटमा परेका छन् । त्यस्तै, करदाताले बुझाउनुपर्ने विवरण बुझाएको र कर बक्यौता नरहेको अवस्थामा करदाता स्वंयले क्यूआर कोड सहितको कर चुक्ता प्रमाणपत्र प्राप्त गर्न सक्ने प्रणालीको विकास गरिनेछ । व्यावसायिक कारोबारको भुक्तानी विद्युतीय माध्यम वा क्यूआर कोड मार्फत गर्दा व्यावसायिक खातामा भुक्तानी गर्नुपर्ने कानूनी व्यवस्था ल्याइएको छ ।

करपरीक्षण तथा अनुसन्धानलाई स्वच्छ, पारदर्शी र आधुनिक बनाउन ई-एसिसमेन्ट तथा फेसलेस अडिट लागु गर्ने, राजस्व प्रशासनमा इन्टेलिजेन्स युनिट खडा गरी सूचनाको प्राप्ति, वर्गीकरण, एकीकरण र विश्लेषण गर्ने प्रणालीको विकास गरिने जनाइएको छ । आयकर प्रयोजनका लागि भौतिक उपस्थिति नभएको तर आर्थिक उपस्थितिलाई समेट्ने गरी बासिन्दाको परिभाषामा परिमार्जन गरिएको छ । यसबाट अन्तर्राष्ट्रिय डिजिटल प्लेटफर्मको बढ्दो प्रयोगबाट हुन सक्ने कराधारको क्षयीकरण रोक्ने आधार तयार गरिने ठानिएको छ ।

**उत्साहित हुने खालको छैन : कांग्रेस**

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले सरकारद्वारा आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि प्रस्तुत बजेट आम जनता उत्साहित हुने खालको नरहेको प्रतिक्रिया दिएको छ । प्रस्तुत बजेटबारे प्रारम्भिक प्रतिक्रिया दिँदै कांग्रेस प्रवक्ता एवम् पूर्वअर्थमन्त्री डा. प्रकाशशरण महतले यो बजेटले जे कुरा बोलेको छ, त्यो पूरा नहुने बताए । उनले बजेटमा सम्बोधन गर्नुपर्ने विषय प्राथमिकीकरण नभएको तथा बजेटमा लामो समयदेखिको विकृतिलाई अन्त्य गर्ने कार्यायोजना पनि नरहेको बताए ।

सरकारले आगामी आवका लागि कूल खर्च रु. १८ अर्ब ६० अर्ब ३० करोड विनियोजन गरेको छ । कूल विनियोजनमध्ये चालूतर्फ रु. ११ खर्ब ४० अर्ब ६६ करोड र पुँजीगततर्फ रु. तीन खर्ब ५२ अर्ब ३५ करोड तथा वित्तीयतर्फ रु. तीन खर्ब ६७ अर्ब १८ करोड रहेको अर्थमन्त्री पुनले प्रस्तुत गरेको बजेटमा उल्लेख छ ।

**बढेन कर्मचारीको तलब**

सरकारले आर्थिक वर्ष २०८१/०८२ मा कर्मचारीको तलब, भत्ता र अन्य सुविधा बढाएको छैन । सङ्घीय संसद्को संयुक्त बैठकमा अर्थमन्त्री पुनद्वारा प्रस्तुत बजेट वक्तव्यमा कर्मचारीको तलब, भत्ता र अन्य सुविधाको विषयमा केही पनि उल्लेख गरिएको छैन । गत आवमा पनि कर्मचारीको तलब, भत्ता र अन्य सुविधा वृद्धि भएको थिएन ।

**कृषि र ऊर्जासहित पाँच रुपान्तरणकारी क्षेत्र पहिचान**

सरकारले आगामी आर्थिक वर्षको बजेटमार्फत पाँच वटा रुपान्तरणकारी क्षेत्र तोकेको छ । अर्थमन्त्री पुनले बजेट पेश गर्दै पाँच वटा रुपान्तरणकारी क्षेत्र निर्धारण भएको बताए । अर्थमन्त्री पुनका अनुसार कृषि क्षेत्रको रुपान्तरण, ऊर्जा क्षेत्रको विकास, सूचना प्रविधिको विकास, पर्यटन प्रवर्द्धन र उद्यमशीलता तथा औद्योगिक विकासलाई रुपान्तरणकारी क्षेत्रका रुपमा पहिचान गरेको छ । सरकारले वार्षिक बजेटमा पनि यी पाँच क्षेत्रलाई प्राथमिकतामा राखी रकम विनियोजन गरेको अर्थमन्त्री पुनले बताए ।

**स्वास्थ्य तथा जनस[illegible]या मन्त्रालयलाई रु. ८६ अर्ब २४ करोड**

आगामी आर्थिक वर्ष २०८१/०८२ का लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई रु. ८६ अर्ब २४ करोड विनियोजन गरिएको छ ।

अर्थमन्त्री पुनले प्रस्तुत गरेको बजेटमा उक्त मन्त्रालयका लागि रु. ८६ अर्ब २४ करोड विनियोजन गरिएको जानकारी दिए । आगामी बजेटमा आधारभूत तथा अत्यावश्यक उपचार सेवालाई सर्वसुलभ र निःशुल्क बनाउने मन्त्री पुनले बताए । उनले आधारभूत अस्पताल निर्माणका लागि रु. १५ अर्ब ४१ करोड विनियोजन गरिएको जानकारी दिए ।

मन्त्री पुनका अनुसार विभिन्न आठ प्रकारका कडा रोगलाई रु. एक लाख बराबरको रु. तीन अर्ब बजेट विनियोजन गरेको छ । खोप, प्रजनन र ९८ वटा औषधि निःशुल्क प्रदान गर्न रु. एक अर्ब ४३ करोड, आमा सुरक्षा र मातृ तथा नवजात शिशु स्याहार कार्यक्रमका लागि रु. तीन अर्ब छ करोड विनियोजन गरिएको छ ।

क्यान्सर, मेरुदण्ड र पक्षघातलगायत रोगको उपचार, मृगौला प्रत्यारोपण र डायलासिस सेवा लिइरहेका बिरामीलाई औषधि उपचार खर्चबापत दिइँदै आएको मासिक रु. पाँच हजार सम्बन्धित व्यक्तिको खातामा नै जम्मा हुने व्यवस्था मिलाएको बजेटमा प्रस्तुत गरिएको छ । यसका लागि रु. दुई अर्ब विनियोजना गरिएको छ ।

**प्रधानमन्त्री छोरी कार्यक्रमलाई १० करोड**

सरकारले आगामी आर्थिक वर्षलाई 'महिला लगानी वर्ष'का रुपमा मनाइने घोषणा गरेको छ । अर्थमन्त्री पुनले प्रस्तुत गरेको बजेटमा यस्तो घोषणा गरिएको हो । महिलामाथि हुने हिंसाविरुद्धको अभियानका रुपमा सरकारले महिला लगानी वर्ष मनाउने भएको हो । उनले महिला उद्यमीलाई प्रवर्द्धन गर्न 'कोशेली घर' समेत स्थापना गरिने बताए । सरकारले 'प्रधानमन्त्री छोरी कार्यक्रम' का लागि १० करोड विनियोजन गरेको छ । 'युवा महिला राष्ट्रिय महिला' कार्यक्रम आयोजना अघि सार्ने बजेट वक्तव्यमा उल्लेख छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई रु. एक अर्ब ६० करोड रकम विनियोजन गरिएको छ ।

त्यस्तै महिलाद्वारा उत्पादित सामग्रीको व्यावसायिक प्रोत्साहनका लागि चोभारमा बिक्री केन्द्र बनाइने, दुर्गम क्षेत्रका सुत्केरी तथा गर्भवतीको हवाई उद्धार कार्यक्रम रहेको राष्ट्रपति महिला उत्थान कार्यक्रमलाई निरन्तरता दिइने, महिला सशक्तीकरणका लागि राष्ट्रपति उद्यमी पुरस्कार घोषणा गरिने र खेलकुदमा महिला सहभागिता बढाइने बजेट वक्तव्यमा उल्लेख छ ।

**सामाजिक सञ्जालबाट गरिने विज्ञापनलाई सरकारले नियमन गर्ने**

आगामी आर्थिक वर्षदेखि सामाजिक सञ्जाल लगायत विभिन्न डिजिटल प्लाटफर्ममार्फत् गरिने विज्ञापनको सरकारले नियमन गर्ने भएको छ । बजेट प्रस्तुत गर्दै अर्थमन्त्री पुनले डिजिटल प्लाटफर्ममार्फत गरिने विज्ञापनलाई व्यवस्थित र नियमन गरिने बताएका हुन् । सामाजिक सञ्जाल र डिजिटल प्लाटफर्म प्रयोगलाई मर्यादित र व्यवस्थित बनाइनेछ -मन्त्री पुनले भने -डिजिटल प्लाटफर्ममार्फत गरिने विज्ञापन नियमन गरिनेछ, डिजिटल प्लाटफर्मा मार्फत गरिने विज्ञापन क्षेत्रलाई एकद्वार प्रणालीमार्फत व्यवस्थित गरिनेछ । सञ्चार माध्यमलाई उपलब्ध गराइने लोककल्याणकारी विज्ञापनलाई निरन्तरता दिइने छ । फेसबुक, इन्स्टाग्राम, टिकटक, एक्सजस्ता सामाजिक सञ्जाल मार्फत गरिने विज्ञापनको नियमनका लागि विज्ञापन बोर्डले विज्ञापन नियमावली २०८० कार्यान्वयनमा ल्याएको छ ।

**जग्गा रोक्का तथा फुकुवा अनलाइनबाटै**

सरकारले भूमि प्रशासनसम्बन्धी अभिलेखलाई 'डिजिटलाइज' गरी जग्गाधनीको पहुँच हुने व्यवस्था मिलाउने भएको छ । अर्थमन्त्री पुनले प्रस्तुत गरेको बजेटमा आगामी आर्थिक वर्षबाट सरकारले बैंक, वित्तीय संस्था, सहकारी सङ्घसंस्थाबाट पेश हुने रोक्का तथा फुकुवासम्बन्धी कार्य पूर्णरूपमा अनलाइन प्रणालीबाट सञ्चालन गर्ने जनाए ।

उनले आधुनिक प्रविधिमा आधारित नयाँ राष्ट्रिय नियन्त्रण विन्दु सञ्जाल स्थापना गरी नापनक्सा कार्य अगाडि बढाइने उल्लेख गरे । नाप नक्सासम्बन्धी कार्यलाई थप व्यवस्थित र प्रविधियुक्त बनाइने बजेटमा उल्लेख छ । त्यस्तै बाँकी रहेका गाउँब्लक जग्गाको नापजाँच सम्पन्न गर्ने र भू-उपयोग योजना तर्जुमा गरी कार्यान्वयन गरिने छ ।

## कोशी...

रहेका युवा र रोजगारदाताको मिलनबिन्दु स्थल हुनेछ । समग्रमा, नेपाल सरकारले परिकल्पना गरेको आर्थिक समृद्धि हासिल गर्न 'श्रमाधान रोजगार मेला'को महत्वपूर्ण भूमिका रहनेछ । मेलामा श्रमिक तथा सरोकारवालाले रोजगारीसँग जोडिएका गुनासा पनि राख्न सक्नेछन् । मेलामा रोजगारीको खोजीमा रहेका व्यक्तिले रोजगारदातासम्म कसरी पुग्ने र अवसरको पहिचान कसरी गर्ने भन्ने विषयमा पर्याप्त जानकारी पाउन सक्नेछन् । त्यस्तै रोजगारीका लागि आवश्यक सिपका बारेमा पनि मेलामा जानकारी गराइनेछ । सम्बन्धित निकायले रोजगारीका क्षेत्रमा देखिएका समस्या तथा गुनासा सुनेर समाधानका उपाय निकाल्ने वातावरण पनि बन्नेछ । मेलाको उद्देश्य आन्तरिक रोजगारी प्रवर्द्धनसँगै वैदेशिक रोजगारी व्यवस्थित गर्नु पनि हो । वैदेशिक रोजगारीका सन्दर्भमा आवश्यक सूचना प्रवाह गर्ने तथा वैदेशिक रोजगारीका नाममा भइरहेको ठगीलाई न्यूनीकरण गर्ने सन्दर्भमा पनि मेला फलदायी हुनेछ । मेलामा वैदेशिक रोजगार बोर्ड, सामाजिक सुरक्षा कोष तथा विभिन्न म्यानपावर कम्पनीका छाता संगठनको सहभागिता रहनेछ ।

विराटनगरमा आयोजित पत्रकार सम्मेलनमा श्रम मन्त्रालयका उपसचिव एवम् कोशी प्रदेश संयोजक सुशीलप्रसाद आचार्यले मेलाको सम्पूर्ण तयारी पूरा भएको जानकारी दिए । यो मेला बाध्यात्मक वैदेशिक रोजगारीको अन्त्यको शुरुवात हो,- उनले भने - अबको १५ वर्षपछि बाध्यात्मक रुपमा विदेश जानुपर्ने अवस्थाको अन्त्य गर्ने गरी डाटाबेस बनाउने हाम्रो तयारी छ ।

आगामी वर्षदेखि सातै प्रदेश र पालिका स्तरमा पुग्ने गरी बजेट विनियोजन गर्ने मन्त्रालयको तयारी रहेको उनले जानकारी दिए ।

## जिल्ला प्रशासन कार्यालय, भद्रपुर, झापाको
# संशोधित सूचना

जिल्ला प्रशासन कार्यालय, झापाको मिति २०८१।०२।१५ गते प्रकाशित सूचनाको तलिका खण्डमा देहाय अनुसार हुनुपर्नेमा अन्यथा भएकोले संशोधन गरिएको छ ।

| क्र.सं. | मालसामानको विवरण | सवारी नं | कम्पनी | न्यूनतम मूल्याङ्कित रकम (भ्याटबाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | मोटरसाइकल | मे ६ प ९९२१ | Yamaha | १८,०००।०० | दर्ता हुने |
| २ | स्कुटर | मे ६ प २४३९ | RZ | १०,०००।०० | दर्ता हुने |
| ३ | मोटरसाइकल | को २२ प १०३६ | Pulsar 150 cc | २०,०००।०० | दर्ता हुने |
| ४ | मोटरसाइकल | को १२ प २५४६ | Hero Honda | १०,०००।०० | दर्ता हुने |
| ५ | मोटरसाइकल | को १० प ७५६३ | Royal Enfield | १५,०००।०० | दर्ता नहुने |
| ६ | मोटरसाइकल | को ७प १२८७ | Apache | ७,०००।०० | दर्ता नहुने |
| ७ | मोटरसाइकल | मे ३ प २४४९ | Hero CBZ | ७,५००।०० | दर्ता नहुने |
| ८ | मोटरसाइकल | मे ४ प ९४५ | Hero Honda ASFS | ६,५००।०० | दर्ता नहुने |
| ९ | स्कुटर | मे ३ प ८७७५ | Honda Dio | ५,५००।०० | दर्ता नहुने |
| १० | मोटरसाइकल | मे ६ प ५७० | Hero | ६,५००।०० | दर्ता नहुने |
| ११ | मोटरसाइकल | मे ५ प ७५२५ | Pulsar 220 cc | ८,०००।०० | दर्ता नहुने |
| १२ | मोटरसाइकल | को ७ प ४९०६ | Yamaha | ७,०००।०० | दर्ता नहुने |
| १३ | मोटरसाइकल | मे १ प ९९७२ | Bajaj Discover | ६,५००।०० | दर्ता नहुने |
| | जम्मा | | | १,२२,५००।- | |

प्रशासकीय अधिकृत







## मेची ....

भनाइ छ ।

बिलबिजक भएको सामान राजश्व अनुसन्धान कार्यालय इटहरी लैजानु पर्नेमा सशस्त्रले २३ पोका कपडा ४८ लाख १८ हजार ७ सय रुपैयाँ मूल्य तोकेर मेची भन्सार कार्यालय काँकरभिट्टा बुझाएपछि सशस्त्र र भन्सार विवादमा तानिएको हो ।

## यदु श्री कृष्ण प्लाईउड इन्डष्ट्रिजको पुँजी तथा क्षमता वृद्धिको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको सार्वजनिक सूचना

(प्रथमपटक प्रकाशित मितिः २०८१/०२/१६)

कोशी प्रदेश, झापा जिल्ला, मेचीनगर नगरपालिका, वडा नं. १५ मा यदु श्री कृष्ण प्लाईउड इन्डष्ट्रिज प्रा. लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम तथा ठेगाना | यदु श्री कृष्ण प्लाईउड इन्डष्ट्रिज प्रा.लि., मेचिनगर नगरपालिका, वडा नं. १५ |
| प्रस्तावको व्यहोरा | यदु श्री कृष्ण प्लाईउड इन्डष्ट्रिजको पूँजी तथा क्षमतावृद्धि गरी (Plywood/Ply board & Door) उत्पादन गर्ने कार्यको |
| प्रभाव पर्न सक्ने जिल्ला, नगरपालिका | झापा जिल्ला, मेचीनगर नगरपालिका, वडा नं. १५ |
| कित्ता नं. | ९६ |
| कुल जग्गाको क्षेत्रफल | ५२७४१.८१ वर्ग मिटर |
| वार्षिक उत्पादन हुने वस्तु र उत्पादन क्षमता | Plywood/Ply board-1,20,000 Cu.ft<br>Doors-30,000 Cu.ft |

-उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक, जैविक, सामाजिक-आर्थिक तथा सांस्कृतिक प्रणाली बिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाल व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगाना:**

१. श्री मेचीनगर नगरपालिका, वडा नं. १५ को कार्यालय

२. श्री उद्योग विभाग, त्रिपुरेश्वर, काठमाडौं - फोन नं. ०१-५३५६२११

३. श्री यदुश्री कृष्ण प्लाईउड इन्डष्ट्रिज प्रा. लि., मेचीनगर नगरपालिका, वडा नं. १५ ४.श्री ग्रिनहेराल्ड ईन्भाइरोमेन्टल एण्ड इञ्जिनियरिङ कन्सल्ट प्रा. लि. नयाँ बानेश्वर, काठमाडौं- फोन नं. ९८४६४०४११८

असल संस्कार र समृद्धिका लागि एनएमसी

## नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.

NMC-COOP

कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा, कोशी प्रदेशको

प्रथमपटक प्रकाशित मितिः २०८१/०२/१६

# कर्जा बुझाउने सम्बन्धी ३५ दिने सूचना

यस संस्थासँग कर्जा कारोबार गर्ने तपशिल अनुसारका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा तथा ब्याजको नियमित मासिक किस्ता विगत लामो समयसम्म नबुझाएको र ऋण रकमको बुझाउने अन्तिम भाखा समेत नाघिसकेको र पटक-पटक लिखित एवम् मौखिक तागेता गर्दा समेत हालसम्म ऋणीले तिर्नु बुझाउनु पर्ने रकम फरफारक नगरेको हुँदा उक्त रकम तिर्न बुझाउन अन्तिमपटक यो ३५ दिने म्यादसहितको सूचना जारी गरिएको छ । अतः यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ दिनभित्रमा आफूले बुझाउन बाँकी सम्पूर्ण रकम बुझाउन वा बुझाई सकेको भए प्रमाणसहित संस्थामा सम्पर्क राख्न सूचित गरिन्छ । अन्यथा ऋणीको ऋणको सुरक्षण वापत संस्थामा रहेको धितो लिलामीको प्रकृया सहकारी ऐन २०७४, बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०६३, संस्थाको स्वीकृत विनियम २०५० (पुनर्लेखन २०७७) र कर्जा कार्यविधि २०७१ (संशोधन २०८०)समेतका आधारमा अगाडि बढाइने व्यहोरा सम्बन्धित सबैमा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**भाखा नाघेको ऋणीहरुको नामावली**

| क्र.सं. | ऋणीको नामथर | ठेगाना | बाबुको नाम | बाजेको नाम | पति/पत्नी | कार्यालय | जग्गाधनीको नाम | जग्गाधनीको बाबुको नाम |
|---|---|---|---|---|---|---|---|---|
| १ | खोम भण्डारी | दमक-२ | धनपति भण्डारी | पुण्यप्रसाद भण्डारी | कल्पना आचार्य | दमक | दिव्यलोका भण्डारी | पुन्यप्रसाद रिजाल |
| २ | निशा गजुरेल | दमक-४ | गोपीकृष्ण गजुरेल | नारायणप्रसाद गजुरेल | टेप्रसाद लुइँटेल | दमक | टेप्रसाद लुइँटेल | छबिलाल लुइटेल |
| ३ | बिरेन्द्रप्रसाद रिजाल | दमक-१ | यमनाथ रिजाल | त्रिलोचन रिजाल | सरस्वतिदेवी रिजाल | दमक | युवराज रिजाल | बिरेन्द्रप्रसाद रिजाल |
| ४ | नेत्रप्रसाद न्यौपाने | दमक-१० | जिवनाथ न्यौपाने | पर्शुराम न्यौपाने | विनिसा भट्ट | दमक | नेत्रप्रसाद न्यौपाने | जिवनाथ न्यौपाने |
| ५ | कृष्णप्रसाद पोखेल | गौरादह-९ | ओमप्रसाद पोखेल | धर्मानन्द पोखेल | कमला अधिकारी | बैगुनधुरा | राजेश पोखेल | ओमप्रसाद पोखेल |
| ६ | गोपाप्रसाद ढकाल | गौरादह-९ | ब्रह्मलाल ढकाल | टिकप्रसाद ढकाल | रमा शिवाकोटी ढकाल | बैगुनधुरा | गोपालप्रसाद ढकाल | ब्रह्मलाल ढकाल |

**नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. बचत तथा ऋण व्यवसाय समिति**

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७५९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

# सरकारी खर्च नियमित गर

**सरकार, देश र जनताको अभिभावक र संरक्षक हो । उसका प्रत्येक गतिविधि र व्यवहार जनताका लागि आदर्शका रुपमा रहनु पर्दछ- यो आममान्यता हो । तर, हामीकहाँ सरकार नै अपारदर्शी, अस्पष्ट र मनचिन्ते यात्रामा हिँडेपछि अरुबाट आदर्श, नैतिकता, मूल्य–मान्यता र सदाचारको अपेक्षा गर्नु सान्दर्भिक हुँदैन । सरकारसँग असीमित अधिकार हुन्छ नै तर समय–समयमा अधिकार दुरुपयोग गरेका घटनाहरु पनि सार्वजनिक भइरहेका छन् । त्यही भएर परीक्षण र नियन्त्रणका लागि संविधानले नै विभिन्न निकाय र संयन्त्रको व्यवस्था गरेको छ । सरकार स्वयम् अभिभावक भएकोले आदर्श, मान्यता र निर्दिष्ट मार्गबाट विचलित भयो भने अरुहरुबाट मूल्य–मान्यता र नैतिकताको आशा गर्नु व्यर्थ हुन्छ ।**

**सरकारले गर्ने खर्चको परीक्षण गर्ने गरी सवैधानिक व्यवस्था अनुसार गठन भएको निकाय हो- महालेखा परीक्षकको कार्यालय । उसको ६१औं प्रतिवेदन भर्खरै सार्वजनिक भएको छ । उक्त प्रतिवेदनले सरकारले गर्ने खर्च नियमानुसार नहुने दर बढ्दै गएको देखाएको छ । नियमानुसार नभएको खर्च बेरुजु हो र यो प्रत्येक वर्ष बढ्दै गएको छ । प्रतिवेदनले आर्थिक वर्ष ०७९/०८० मा मात्रै बेरुजुको रकम ९५ अर्ब ६० करोड रहेको उल्लेख गरेको छ । नियमानुसार नभएको खर्चलाई रुजु गराउनेतर्फ प्रभावकारी चासो र अग्रसरता नदेखाइएका कारण बेरुजुको ग्राफ निरन्तर उकालो लागेको भन्दै आर्थिक क्षेत्रका जानकारहरुले चिन्ता प्रकट गरेका छन् ।**

**बेरुजु भ्रष्टाचार त होइन, तर यो क्रमशः बढ्दै जाँदा भ्रष्टाचारको आधार तयार हुने अर्थविद्हरुको भनाइ छ । प्रचलित कानून विपरीत, वेरीतसँग कारोबार गर्ने र त्यसको विवरण ठीक ढंगले नराख्ने वा अनुचित तरिकाले आर्थिक कारोबार गर्ने प्रवृत्तिले अन्ततः भ्रष्टाचार कै पृष्ठपोषण गर्छ । सरकारी खर्चमा मनपरी बढ्छ, जसले निजी क्षेत्रलाई पनि गलत बाटो अख्तियार गर्ने मनोबल प्रदान गर्छ । सरकार अभिभावक त हो, तर उसलाई पनि नियम र प्रक्रिया मिचेर जथाभावी खर्च गर्ने छुट हुँदैन । त्यसैले सरकारी खर्चलाई नियमित गराउनेतर्फ सरकार नै सचेत हुनुपर्छ । तर, हामीकहाँ बेरुजुको दर बढ्दै गएको र फछ्र्यौटको दर घट्दै गएकाले यसले प्रशासन संयन्त्रमा स्वच्छता, इमानदारिता, मितव्ययिता र पारदर्शिता हराउँछ ।**


**बेरुजुको दरलाई रोक्न विद्यमान तीन वटै तहका सरकार बढी गम्भीर हुनुपर्छ । त्यसो भएन भने जनताको विश्वास हराउन सक्छ । आफूले तिरेको करको दुरुपयोग भएको भन्दै आक्रोश पनि बढ्न सक्छ । त्यसैले यस्ता विद्रोह र आक्रोशलाई समयमै रोक्न सरकार अग्रसर हुनुपर्छ । प्रचलित आर्थिक ऐननियम, निर्देशन, कार्यविधिहरुको इमानदार कार्यान्वयन गराउनु पर्दछ । बेरुजु गर्नेलाई कारवाही गरेर अनियमित गर्ने प्रवेत्तिलाई हतोत्साही बनाउनुपर्छ । अन्यथा यसले राज्य प्रणाली मै अविश्वास बढाउँछ र यो हितकर पनि हुँदैन ।**

## गणतन्त्रको उपज :

# स्थानीय सरकार, गाउँघरको सिंहदरबार



कृष्णहरि बाँस्कोटा




संविधानसभाद्वारा २०७२ सालमा जारी भएको वर्तमान नेपालको संविधानले मुलुकलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीमा रुपान्तरित गरेको छ। मुलुकमा तीन तहका सरकार गठन भएका छन्। यस अनुसार सात सय ५३ वटा स्थानीय तहले घरआँगनमा सिंहदरबार आएको अनुभूति दिलाएका छन्। यस सन्दर्भमा विगत सात/आठ वर्षमा स्थानीय सरकारहरुबाट तुलनात्मकरुपमा प्रशंसनीय काम भएको छ।

नेपालको संविधानको अनुसूची ८ र ९ बाट स्थानीय सरकारले २२ वटा एकल र १५ वटा साझा अधिकार हासिल गरेका छन्। यस अतिरिक्त, संविधानका अन्य विभिन्न प्रावधान र अन्य कैयौँ कानूनद्वारा स्थानीय सरकारहरु आमजनतामा आवश्यक सेवासुविधा प्रदान गर्न तथा विकास निर्माणको काम गर्न सक्षम भएका छन्। यसरी, सङ्घीयताको माध्यमद्वारा आफूलाई प्राप्त अवसरलाई स्थानीय सरकारले निकै सुझबुझका साथ कार्यान्वयनमा ल्याएका छन्।

मुलुकमा स्थापित सात सय ५३ वटा स्थानीय सरकार मातहत छ हजार सात सय ४३ वटा वडा कार्यालय रहेका छन्। यी वडा कार्यालयले बिहान, बेलुकी र सार्वजनिक बिदाको दिनसमेत नभनी अविरलरुपमा आमजनतामा प्रवाह गरेका सेवाहरु अतुलनीय छन्। यसरी वडा कार्यालयमार्फत स्थानीय सरकारहरुले आमजनतालाई घरदैलोमै सेवा प्रवाह गर्न सफल भएका छन्। सामान्यतः वडा कार्यालयका सेवाहरु सरल, सुलभ, छिटो र भरपर्दो पाइएको छ। यी सेवाहरु जनमुखी, सेवाग्राहीमैत्री, कम खर्चिलो र कम झन्झटिलो बोध भएका छन्।

स्थानीय सरकारहरुले आफूलाई जवाफदेही र उत्तरदायी तुल्याउन चार/चार महिनामा सार्वजनिक सुनुवाइ गरिआएका छन्। त्यसैगरी, यी सरकारहरुले आफूले सम्पादन गरेको कामबाट आम जनतामा के-कस्तो प्रभाव परेका छ भनी जान्न वर्षमा एकपटक सामाजिक परीक्षण गर्ने गरेका छन्। यस अतिरिक्त, कुनै पनि स्थानीय सरकाबाट नयाँ आयोजनाको आरम्भ गर्दा र सो आयोजना सम्पन्न हुँदा तत्स्थानमा लाभग्राही जनतालाई भेला गराई सामाजिक परीक्षण गर्ने गरेका छन्।

त्यसैगरी, नगरपालिका र गाउँपालिकाले रु. पाँच हजारको क्षतिपूर्तिसहितको नागरिक वडापत्रको व्यवस्था गरेका छन्। आमजनताको गुनासो सुन्न र समाधान गर्न गुनासो सुन्ने अधिकारी तोकेका छन्। साथै, आमजनतामा सूचना प्रवाह गर्न सूचना अधिकारी तोकेका छन्। प्रायः सबै पालिकाले लैङ्गिक उत्तरदायी बजेटको अवधारणालाई आत्मसात् गरेका छन्। यिनले प्रत्येक महिनाको ७ गतेभित्र आफ्नो आम्दानी र खर्च सार्वजनिक गर्न थालेका छन्। स्थानीय तहको स्वमूल्याङ्कन गर्ने लिजा र वित्तीय जोखिम कम गर्ने एफआरए जस्ता मूल्याङ्कनको विधिमा आफूलाई अब्बल तुल्याउन पालिकाहरु सकारात्मक प्रतिप्रधामा उद्यत्त रहनु खुशीको कुरा हो।

हालका दिनमा अधिकांश स्थानीय सरकारहरुले अनलाइन सेवा प्रवाह गरिआएका छन्। यिनीहरुले पालिकाको कार्यालय र वडा कार्यालयमा प्रविधिमैत्री, सिसिटिभी, विद्युतीय हाजिरी, स्क्रिन सूचनापाटी, सिसि क्यामरा र विद्युतीय हाजिर जडान गरेका छन्। अधिकांश पालिकाले डिजिटल बडापत्र, डिजिटल सूचना पाटी र आकर्षक सेवाग्राही सहायता कक्ष सञ्चालनमा ल्याएका छन्। प्रायः सबै पालिकामा सिंहदरबाको अनुभूति दिन सुविधासम्पन्न बहुतल्ले पालिका भवन निर्माण गरेका छन्। प्रायः सबै वडामा वडा कार्यालय भवन निर्माण भइरहेको छ। पालिकाहरुले वडागतरुपमा घुम्ती सेवा सञ्चालन गरी आमजनतामा सेवा पुऱ्याएका छन्।

नेपालका स्थानीय सरकारहरुले नगर प्रहरीको माध्यमद्वारा कैयौँ अव्यवस्था उपर धावा बोलेका छन्। उनीहरुले बैक, वित्तीय संस्था र सहकारीका माध्यमद्वारा आमजनतामा बचत गर्ने बानीको विकास गर्नु साथै थुप्रै उद्यमशील योजनाहरु सञ्चालनमा ल्याएका छन्। यिनीहरुले काम गर्ने र सोको बजारीकरण गर्ने विषयलाई प्राथमिकतामा राखेका छन्। विस्तारै स्थानीय सरकारहरु आन्तरिक राजस्व वृद्धि गर्न करका क्षेत्रहरुको पहिचानमा तल्लीन छन्।

प्रायः सबै पालिकाहरुले दीर्घकालीन सोच, पाँच वर्षे आवधिक योजना, तीन वर्षे खर्च संरचनाको माध्यमद्वारा बर्सेनि नीति तथा कार्यक्रम र बजेट जारी गरिरहेका छन्। नगरपालिका र गाउँपालिकाहरु आमजनताको दैनिक उपभोग्य वस्तु र सेवा सहजरुपमा उपलब्ध गराउन बजार अनुगमनमा खटिन थालेका छन्। यिनीहरु वेरोजगारलाई रोजगारी दिन र भाषा, संस्कृति, कलाको संरक्षणमा पनि संवेदनशील भएका छन्। यिनले पालिकाको सौन्दर्यीकरण, दैवी विपद् व्यवस्थापन, फोहर व्यवस्था लगायतका क्षेत्रमा आफनो क्रियाशीलता प्रदर्शन गरेका छन्। यस्ता काममा स्थानीय तहलाई सङ्घीय र प्रदेश सरकार एवम् आमजनताको सहयोग र साथ चाहिन्छ।

पछिल्ला दिनमा पालिकाहरुले 'एक गाउँ एक उत्पादन' अभियान आरम्भ गरेका छन्। उनीहरुले कृषि क्षेत्रलाई यान्त्रिकीकरणमा रुपान्तरित गर्न रिपर, पावर टिलर, मिनी ट्र्याक्टर, हार्भेष्टर जस्ता कृषि उपकरणमा अनुदान दिन थालेका छन्। उनीहरुले कृषिको सम्भाव्यता अध्ययनका लागि माटो परीक्षण गर्ने, पशुपालनको विकासका लागि सुत्केरी गाई भैंसीलाई भत्ता दिने, कृत्रिम गर्भाधान गराउने, नश्ल सुधार गर्ने, साइलेस प्रविधि भित्र्याउने तथा कृषि उत्पादनको समर्थन मूल्य तोक्ने जस्ता सत्कार्य गरिआएका छन्। मूलतः यिनीहरुले कृषि र पशु बिमालाई जोड दिएका छन्। कृषि उत्पादन वृद्धिको योजना लागू गरेका छन्।

स्थानीय सरकारहरुले शिक्षाको गुणस्तर सुधार गर्ने, यसका लागि प्रधानाध्यापकसँग कार्यसम्पादन करार गर्ने, स्थानीय पाठ्यक्रम लागू गर्ने, प्राविधिक शिक्षा, इ-लाइब्रेरी र विज्ञानको प्रयोगशाला स्थापना गर्ने, जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने जस्ता राम्रा काम गरिरहेका छन्। त्यसैगरी, स्वास्थ्य सेवातर्फ पालिकाहरुले अस्पताल नै सञ्चालन गरेका छन्। आमनागरिकलाई ब्लड बैंकको सेवा, डायलासिस सेवा, विद्यार्थीको बर्सेनि स्वास्थ्य परीक्षण, चौबिसैँ घण्टा स्वास्थ्य केन्द्र सञ्चालनमा ल्याएका छन्।

त्यसैगरी वडागत रुपमा खोप सेवा, सुनौला हजार दिनको कार्यक्रम सञ्चालन गर्ने, पोषण शिक्षा, चौबिसैँ घण्टा आकस्मिक सेवा प्रवाह, निःशुल्क औषधि वितरण, स्वास्थ्य शिविर सञ्चालन लगायतका काम गरिरहेका छन्। स्थानीय सरकारहरुको गठनसँगै लक्षितवर्गको सेवा सुविधामा बढोत्तरी भएको छ। यिनीहरुले ज्येष्ठ नागरिकलाई मल्टी भिटामिन वितरण गर्ने, लौरो दिने, टर्च लाइट दिने, मोतियाविन्दुको शल्यक्रिय गर्ने, धार्मिक पर्यटनमा लैजाने, दिवा सेवा केन्द्र स्थापन गर्ने, मनोरञ्जनका साधन उपलब्ध गराउने लगायतका सेवा प्रवाह गरेका छन्। यसबाट ज्येष्ठ नागरिकहरु खुशी भएका छन्।

त्यसैगरी, अपाङ्गता भएका व्यक्तिलाई ह्विलचियर उपलब्ध गराउने, विशेष भत्ता दिने, ब्रेललिपी सिकाउने, आत्मनिर्भरताको तालिम दिने, केही गरिखान बीऊ पुँजी दिने कार्य भइरहेको छ। पालिकाहरुले अपाङ्ग र बालमैत्री संरचना निर्माणमा जोड दिइरहेका छन्। स्थानीय सरकारहरुबाट महिला विकास र सशक्तिकरणका कामहरु पनि भइरहेको छ। यिनीहरुले छोरीजन्म उपहार कार्यक्रम, छोरी बचाउ कार्यक्रम, छोरीलाई आत्मरक्षा तालिम, निःशुल्करुपमा स्यानिटरी पायड वितरण, बालविवाह अन्त्य गर्ने पहल, महिला हिंसा रोक्ने प्रयास, अन्धविश्वासबिरुद्ध सामाजिक रुपान्तरणका काम गरिरहेका छन्। यस अतिरिक्त, स्थानीय सरकारहरुले दलित, लोपोन्मुख वर्ग, वञ्चितीकरणमा परेको वर्ग, आदिवासी, गरिब, विपन्न लगायत लक्षित वर्ग केन्द्रित थुप्रै कार्यक्रम सञ्चालनमा ल्याएका छन्। यसबाट आम जनतामा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीप्रति आशा र भरोसा जागृत भएको छ।

स्थानीय सरकारहरु सङ्घीय शासनका बलिया खम्बा हुन्। यसर्थ भविष्यका दिनमा यिनीहरुले उच्च राजनीतिक संस्कारका माध्यमद्वारा कर्मचारीतन्त्रसँग नङ र मासुको सम्बन्ध कायम गरी आम जनतामा आशा र भरोसा अभिवृद्धि गर्नुपर्छ। सबै स्थानीय सरकारहरुले भ्रष्टाचाबिरुद्ध शून्य सहनशीलताको नीति लिनुपर्छ।

यी सरकारहरुले काम गर्दा कुनै पनि प्रकारको बेरुजु सिर्जना हुन दिनुहुँदैन। यिनले प्रशासनिक खर्च कम गर्दै पुँजीगत बजेट वृद्धि गर्नुपर्छ। यिनीहरुले निर्माण गर्ने सडक, स्कूल, स्वास्थ्यचौकी वा सामुदायिक भवनहरु दिगो र भूकम्प प्रतिरोधक हुनुपर्छ। यिनीहरले आमजनतामा आर्थिक क्रियाकलापप्रति आकर्षित गर्ने अभियानहरु सञ्चालन गर्नुपर्छ। यथार्थमा स्थानीय तहहरुको सकारात्मक क्रियाशीलता र उपलब्धिमै नेपाल र नेपालीको सुखद् भविष्य लुकेको सत्यलाई सबैले समयमै आत्मसात् गर्नुपर्छ।

*(लेखक नेपाल सरकारका पूर्वसचिव तथा राष्ट्रिय सूचना आयोगका पूर्व प्रमुख आयुक्त हुन्।)*

# विषयगत विशिष्टताको सम्मान

डा. माधवप्रसाद दाहाल

आज हाम्रो समाज वरपरका कार्यालय वा संस्थामा जाँदा तमाम व्यक्तिसँग भेट हुने गर्छ। एउटा बैङ्किङ कार्यालयमा जाँदा त्यहाँ शिक्षा सङ्काय पढेको जनशक्तिले काम गरिरहेको हुन्छ। शिक्षण संस्थामा जाँदा सामाजिक शिक्षा पढेका शिक्षकले अंग्रेजी वा विज्ञान पढाइरहेका भेटिन्छन्। कानून नपढेका व्यक्ति न्यायिक क्षेत्रमा र व्यवस्थापन पढेका पत्रकारितामा काम गरिरहेका भेटिन्छन्। यी र यस्तै दृश्यहरू प्रायः सबैजसो कार्यालयमा छिटफुट भेटिने गर्छन्। हामीले त्यो विषय बढी जानेका छौँ, जो हामीले कहिल्यै पढेका छैनौँ। यसो हुनुको पछाडि कारण एउटै छ- हामीले काम कहिल्यै रोजेनौँ, मात्र खोज्यौँ। जस्तो भेटियो त्यसैमा चित्त बुझायौँ र बाध्यतावश त्यसैलाई अँगाल्यौँ। अनि हामीले खोज्ने कामको स्तरीयता हाम्रा विदेशी समकक्षीको तुलनामा कमजोर रहनु अस्वाभाविक कसरी भयो र ?

हामी सबैलाई आकर्षक काम गर्न मन लाग्छ। आकर्षक काम आकर्षक क्षमताबाट प्राप्त हुन्छ। त्यो क्षमता विशेषज्ञ संस्कृतिबाट विकास हुन्छ। अमेरिकी लेखक रोवर्ट लेभिनले पढाइ सिध्याएर कुनै काम रोज्ने क्रममा प्राध्यापन पेसालाई रोजे। किनकि उनको यो अघिदेखि कै सोच थियो र यो पेसाले उनलाई आत्मसन्तुष्टि र चलायमान व्यक्तित्व दिन सक्थ्यो। उनी यसै क्षेत्रमा रमाए, अनुसन्धान गरे, उनले गरेको 'समय मनोविज्ञान' संसारकै लागि नया' ज्ञान भयो।

भारतीय लेखक आरके नारायण आफ्ना बाबुको पेसालाई निरन्तरता दिन अध्यापनमा लागे तर उनले यस क्षेत्रबाट आत्मसन्तुष्टि प्राप्त गर्न सकेनन् र बिचैमा छोडे। पश्चिमा देशका युवा बेलैमा आफ्नो रुचि र क्षमता अनुसारको काम रोज्छन् र त्यही काममा विशिष्टता हासिल गर्छन्। उनीहरूले गर्ने कामको स्तरीयताले उनीहरूलाई घर, गाडी त दिन्छ नै त्यसभन्दा बढी उनीहरूको विशेषज्ञताको फाइदा देशले पनि लिइरहेको हुन्छ। यहा' जोड्न खोजिएको कुरा के हो भने एउटा व्यक्तिको विषयगत विशिष्टता व्यक्ति, समाज र सिङ्गो देशले फाइदा लिइरहेको हुन्छ। कुनै पनि देशको प्रगतिको साँचो त्यस देशले उत्पादन गर्ने विशेषज्ञहरूको संख्या वा विशेषज्ञ संस्कृतिमा अडेको हुन्छ।

विशेषज्ञ संस्कृति गफ गरेर मात्र स्थापित हुँदैन। यो त हाम्रो चिन्तन र देशले अवलम्बन गर्ने शैक्षिक, आर्थिक वा समग्र सामाजिक नीतिबाट प्राप्त हुने विषय हो। जबसम्म कामचलाउ प्रवृत्तिलाई समाजले निरुत्साहित गर्दैन तबसम्म कसैले पनि विषयगत विशिष्टताको आवश्यकता महशुस गर्दैन। आज हाम्रो नेपाली समाजको पछौटेपनको बारेमा चिन्तन गर्दा हामीले स्थापित गर्न नसकेको विशेषज्ञ संस्कृति नै प्रमुख कारण हो। आम्दानीका कार्यमा लागेका हामी नेपालीहरू मध्ये धेरैजसोले गर्ने काम हामीले रोजेर गरेको भन्दा पनि खोजेर गरेका काम छन्। सुन्दा उस्तै-उस्तै लागे पनि रोजेर गरेको र खोजेर गरेको काममा धेरै अन्तर छ। रोजेर गरेका काममा हामीहरूको रुचि, उत्साह र विशिष्टता हुने गर्छ। यो हाम्रो 'ड्रिमवर्क' हो, जसलाई उत्कृष्टता दिन हामीले सानैदेखि प्रयास गरिरहेका हुन्छौँ।

एउटा व्यक्ति जसले सानैदेखि सङ्गीतमा रुचि राख्छ भने त्यही क्षेत्रमा आफ्नो भविष्य देख्छ, उसले सङ्गीतलाई उठ्दा, बस्दा, सुत्दा र सपनामा पनि साधना गरिरहेको हुन्छ, जसको परिणाम ऊ नारायण गोपाल, तारादेवी, रफी, लता मङ्गेशकर, उदितनारायण, माइकल ज्याक्सन वा ब्रायन आडम्स जस्तो व्यक्ति बन्न सक्छ। यसबाट उसको व्यक्तिगत प्रगति मात्र नभई देशले नै ऊ जस्तो प्रतिभाको गर्व गर्न सक्छ, तर यसको ठिक विपरीत कसैले खोजेर भेटाएको काममा उसले इमानदारीका साथ काम त गर्ला, आफ्नो घरपरिवार धान्न सक्ने आयआर्जन पनि गर्ला, तर उसमा त्यो काममार्फत सफलताको उचाइ चुम्ने विशिष्ट क्षमता हुन सक्दैन। जबसम्म कुनै कामले सफलताको शिखर चुम्न सक्दैन, तबसम्म न त्यो काम गर्ने व्यक्तिको उत्साहजनक प्रगति हुन्छ न त देशले नै उसको कामबाट केही फाइदा लिन सक्छ। औसत कामको सर्कलभित्रका सम्पूर्ण काम केवल जीविकाका आधार मात्र हुन्, जसमा देशले कुनै गर्व गर्न लायक कुरा हुँदैन।

विज्ञानको प्रगतिसँगै ज्ञानको क्षितिज चौडा हुँदै गए पनि अहिलेको समय यस्तो भइसक्यो कि एउटै व्यक्तिले सम्पूर्ण क्षेत्रको ज्ञान हासिल गर्न प्रायः असम्भव छ। एउटा व्यक्तिले पुस्तकालयमा सजाएर राखिएका सबै पुस्तक पढ्न यही जुनीमा मात्र सम्भव छैन, तर फेरि कुनै पनि क्षेत्रको सामान्य ज्ञान मात्रले आज हामी बाँच्न सक्दैनौँ। हामीले आज ज्ञानका विविध क्षेत्र मध्ये एक क्षेत्रमा सीमित भई त्यसैको गहिराइमा पुगेर अगाडि बढ्नुपर्ने बाध्यता भइसकेको छ। निश्चित विषय वा विधाको विशेषज्ञ वा ज्ञाता नबनेसम्म अहिले हामी विद्वत् मानिँदैनौँ। त्यसैले विशेषज्ञ संस्कृति आजको रहर नभई बाध्यता भइसकेको छ।

कुनै पनि विषयमा मेहनतपूर्वक पढेर विशेषज्ञता हासिल गरेको व्यक्तिले लेखेको वा बोलेको कुरा नै प्रामाणिक, भरपर्दो वा परिपक्व मानिन्छ। कुनै बेला थियो, जतिबेला एमबिबिएस डाक्टरले सबै रोगको उपचार गर्थे तर आज समय धेरै विकसित भइसकेको छ। हामीलाई एमडी गरेका विशेषज्ञको मात्र भरोसा लाग्ने भएको छ। त्यस्तै आज औषधि विज्ञानबाहेक अर्थशास्त्र, सामाजिक अध्ययन, साहित्य, दर्शन लगायतका विविध विषयमा पनि अनुसन्धानात्मक निचोडका आधारमा गरिएका प्रस्तुतिहरूलाई मात्र आधिकारिक ठानिन्छ।

हुन त विद्यावारिधि एक कठिन सङ्घर्षपूर्ण, निकै लामो र खर्चिलो यात्रा हो, तर ज्ञानको परिपक्वताका लागि बिस्तारै यो अनिवार्य बन्दैछ। फलामले नयाँ आकार लिन आरनमा बलेको आगोमा पग्लिन आवश्यक भए जस्तै समाजलाई ज्ञानको उज्यालोमा डोऱ्याउन चाहानेले ज्ञान वा अनुभवको आरनमा निखारिएर विज्ञता हासिल गर्नुपर्छ। विशेषज्ञता औपचारिक शैक्षिक योग्यताद्वारा मात्र हासिल गर्न सकिन्छ भन्ने केही छैन। यो त हाम्रा अगाडि भइरहेका तमाम साना-ठूला काममा पनि हासिल गर्न सकिन्छ। युरोपका एक व्यक्ति इन्गभार फिडोर काम्प्राड सानैदेखि अभावको बीचमा हुर्केका तर केही गरेर देखाउने लक्ष्यमा अडिग थिए।

आर्थिक समस्याका कारण उनको औपचारिक शिक्षा समेत राम्ररी अगाडि बढ्न सकेनन्। औपचारिक शिक्षाका लागि विद्यालय जाने उमेरमा उनले फर्निचरको व्यापार थाले। त्यो व्यापारमा उनले अनौपचारिक विशिष्टता हासिल गरे। उनले फर्निचर उद्योग खोल्दा युरोपका सर्वसाधारणले फर्निचरको त्यति प्रयोग गर्दैनथे। फर्निचरको सोरुम राख्ने चलन पनि त्यति थिएन। पछि त्यही व्यापारले उनलाई विश्वका धनी मध्येको सूचीमा स्थापित गऱ्यो। उनले व्यापारको क्षेत्रबाट आफूलाई त राम्रो बनाए नै साथसाथै देशका लागि पनि उल्लेख्य रूपमा योगदान गरे। यसबाट यो प्रष्ट हुन्छ कि विशिष्टता पढेर मात्र नभई काम गरेर पनि प्राप्त हुन सक्छ।

आज स्कूल, कलेज तथा जहाँ कतै भविष्य निर्माणका लागि पढिरहेका युवा विद्यार्थीले बुझ्नुपर्ने कुरा के छ भने हामीहरू पहिले आफ्नो लक्ष्यका बारेमा प्रस्ट हुनु पर्छ। तर, हाम्रो लक्ष्य स्पष्ट र मापन गर्न योग्य हुनु पर्छ। हामीले लिएको लक्ष्य कति हदसम्म प्राप्त भयो भन्ने मापन गर्न सकिएन भने हामी त्यो लक्ष्य प्राप्त गर्न सक्दैनौँ। त्यस्तै हामीले लिएको लक्ष्य हाम्रो आफ्नै र समाजको क्षमताको सहायताले प्राप्त गर्न सकिने हुनु पर्छ चाहे त्यो जतिसुकै चुनौतिपूर्ण किन नहोस्। त्यस्तै हाम्रो लक्ष्य यथार्थपरक हुनु पर्छ र त्यो समयसीमा बन्द हुनु पनि जरुरी छ।

यसरी लक्ष्य लिएर त्यस लक्ष्यमा पुग्न आवश्यक साधना हामीले गऱ्यौँ भने चाहे कुनै पनि क्षेत्रको सानो वा ठूलो काम किन नहोस् त्यसमा विशिष्टता हासिल गर्न सकिन्छ। विशिष्टता हासिल गरेको काम गर्दा हामीलाई आत्मसन्तुष्टि हुनेछ, काममा गर्वको अनुभूति हुनेछ र हाम्रो काम स्तरीय हुनेछ। फलस्वरूप हामीले चाहेको भौतिक सुविधाको जोहो गर्न त सफल हुनेछौँ। यस बाहेक हाम्रो विशेषज्ञताबाट देश नै लाभान्वित भई हाम्रो योगदानको कदर समाज र जगत्ले गर्ने छ। हाम्रा पौरखी हातले देशमा सुन फलाउन, सुरिलो कण्ठले संसार गुञ्जाउन, विज्ञ दिमागले देश बनाउन, सत्चरित्रले देशलाई मार्गनिर्देश गर्न र विषयगत विशिष्टताले संसार बदल्न सक्नुपर्छ। *गोप*

# एमाले कनकाईको अधिवेशन

**सुरुङ्गा, जेठ १५।** नेकपा एमाले नकाईको नगर अधिवेशनमा सात सय ९२ प्रतिनिधि चयन भएका छन् ।

अधिवेशनका लागि आयोजक कमिटीका ८३ जना, पार्टी वार्ड अध्यक्षहरू नौ जना, सल्लाहकार १२, जनसङ्गठनबाट २५ जना प्रतिनिधि चयन भएका छन् । भूगोलतर्फ वार्ड नं. १ बाट एक सय जना, वार्ड नं. २ बाट ६८ जना, वार्ड नं. ३ बाट एक सय २७ जना, वार्ड नं. ४ बाट एक सय ४६ जना, वार्ड नं. ५ बाट ७१ जना, वार्ड नं. ६ बाट २५ जना, वार्ड नं. ७ बाट ५५ जना, वार्ड नं. ८ बाट ४३ जना र वार्ड नं. ९ बाट २८ जना प्रतिनिधि गरी जम्मा छ सय ६३ जना प्रतिनिधि सर्वसम्मत छानिएको एमाले नगर अधिवेशन आयोजक समितिका संयोजक गोकर्णप्रसाद ओझाले जानकारी दिए ।

संयोजक ओझाले दिएको जानकारी अनुसार अधिवेशनले एक अध्यक्ष, एक उपाध्यक्ष, एक सचिव , दुई उपसचिवसहित ५१ सदस्यीय नगर समिति निर्वाचित गर्नेछ । पाँच पदाधिकारी मध्ये कुनै एक पदमा महिला अनिवार्य हुने विधानको व्यवस्था रहेको छ । अधिवेशनमा संयोजक ओझाद्वारा राजनीतिक तथा सांगठनिक प्रतिवेदन र सचिवालय सदस्य देवी उप्रेतीद्वारा आर्थिक प्रतिवेदन पेश गरिने एमाले जिल्ला कमिटी सदस्य विनोद रानामगरले जानकारी दिए ।

अधिवेशनको खुला सत्रमा साविक घैलाडुब्बा र सुरुङ्गामा पञ्चायतकालमा विजय भएका ९ जना जनपक्षीय जनप्रतिनिधिलाई सम्मान गरिनेछ । स्थानीय कनकाई उद्योग वाणिज्य संघको सभाहलमा जेठ १५ र १६ गते हुने दोस्रो नगर अधिवेशनमा एमाले केन्द्रीय सदस्य एवम् भोजपुर जिल्ला इञ्चार्ज रविन कोइरालाको प्रमुख आतिथ्य र केन्द्रीय सदस्य दीपक कार्कीको विशेष आतिथ्य रहने जिल्ला कमिटी सदस्य डी. बी. गजमेरले बताए ।

अधिवेशनबाट नेतृत्व चयन गर्न सहजीकरणका लागि अधिवक्ता तारादेवी बाराकोटी संयोजक, जिल्ला कमिटी सदस्यहरू रोशन सुवेदी र दीपक चापागाँई सदस्य रहेको तीन सदस्यीय निर्वाचन समिति गठन गरिएको संयोजक गोकर्ण ओझाले जानकारी दिए ।

# अदुवाखेतीप्रति किसान आकर्षित

**धरान, जेठ १५।** शिक्षण छाडेर व्यावसायिक रूपमा अदुवाखेतीमा लागेका धरान उपमहानगरपालिका-२० विष्णुपादुकाका तिलक राईले यस वर्ष अदुवाखेतीबाट पशस्त आम्दानी भएको बताए । गत वर्षको तुलनामा यस वर्ष उनले अधिक आम्दानी गरेका हुन् । ४० वर्षदेखि उनले अदुवाखेती गर्दै आएका छन् ।

पूर्व शिक्षक राईले वर्षमा सातदेखि १० क्वीन्टलसम्म अदुवा उत्पादन गर्दै आएको बताए । अहिले खुद्रा प्रतिकेजी रु. एक सय ५० देखि दुई सय ८० सम्ममा बिक्री हुने गरेकाले राम्रो आम्दानी हुने गरेको उनी बताउँछन् । उनी भन्छन्- 'अदुवाखेती गर्नका लागि अलि भिरालो ठाउँ फोस्रो माटो आवश्यक पर्छ, ठाउँ अनुसार राम्रो उत्पादन भइरहेको छ ।'

हाल विष्णुपादुकामा अदुवाखेती गर्ने दुई सयभन्दा बढी किसान रहेका राईले बताए । उनी सो स्थानका सफल व्यवसायी हुन् । उनले विष्णुपादुकामा रहेर अदुवाखेती बाहेक अम्लिसो, बेसार, अकबरे खुर्सानी लगायत कृषि उपज उत्पादन तालिम दिँदै आएका छन् ।

व्यावसायिक रूपमा अदुवाखेती गर्दै आएका धरान उपमहानगरपालिका-२० का अर्का किसान पदम राई मौसमले साथ दिँदा अदुवाखेतीबाट मनग्य आम्दानी हुने



गरेको बताए । उनले वार्षिक १० क्वीन्टलभन्दा बढी अदुवा उत्पादन गर्दै आएको बताए । उनले विष्णुपादुका क्षेत्रमा मात्र नभएर मोरङको लेटाङमा समेत जग्गा लिजमा लिएर अदुवाखेती गरेका छन् । वार्षिक रु. तीन लाखसम्मको अदुवा बेचेको उनले बताए ।

विगतको तुलनामा यस वर्ष अदुवाको मूल्य बढेको धरान कृषिउपज बजार व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मण भट्टराईले बताए । उनले कोशी करिडोरका पहाडी जिल्लाका किसानले अत्यधिक मात्रामा अदुवा ल्याउने गरेका तथा सगरमाथा करिडोर सिन्धुलीबाट पनि अदुवा बोकेर किसान आउने गरेको बताए । विशेषगरी धेरै अदुवा जेठदेखि भदौसम्म बिक्री हुने गरेको उनले जानकारी दिए ।

दैनिक रुपमा एक सयदेखि दुई सय मेट्रिक टन अदुवा धरान कृषि बजारबाट बिक्री हुने गरेको उनले बताए । वि.सं. २०८० असार मसान्तदेखि २०८१ जेठ १० गतेसम्ममा धरान उपमहानगरपालिका-१३ कृषि बजारबाट जम्मा सात हजार आठ सय सन्तावन्न मेट्रिकटन अदुवा बिक्रीबाट रु. एक अर्ब ३७ करोड ४९ लाख ७५ हजार आम्दानी भएको अध्यक्ष लक्ष्मण भट्टराईले बताए ।

अदुवा निकासीमा सरकारको सहयोग अपरिहार्य भएको उनले बताए । बेला-बेलामा धनकुटा, तेह्रथुम, सङ्खुवासभा, भोजपुर, खोटाङ, उदयपुर, सिन्धुली, पाँचथर, ताप्लेजुङ लगायत ठाउँबाट किसानले अदुवा ल्याउने गरेका छन् । भारत मात्र नभएर तेस्रो देश निर्यातको गृहकार्य गर्नुपर्ने अध्यक्ष भट्टराई बताउँछन् । अदुवाको बजार उत्साहजनक भएकाले अधिकभन्दा अधिक उत्पादन गर्नेतर्फ ध्यान दिन जरुरी भएको उनी बताउँछन् ।

# विमानभित्र बम भएको झुट्टो हल्लापछि...

**झापा, जेठ १५।** भारतको राजधानी दिल्लीस्थित एयरपोर्टमा अन्तरिक विमानभित्र बम भएको धम्कीको सूचना आएपछि विमानलाई तत्काल आइसोलेसनमा लगिएको अधिकारीले बताएका छन् ।

उक्त धम्की झुटो सावित भएको छ । अधिकारीका अनुसार दिल्लीबाट वनारसतर्फ उडान भरिरहेको निजी एयरलाइन्स इन्डिगोको विमानभित्र बम भएको धम्कीबारे इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलले जानकारी गराएपछि विमानलाई तुरुन्तै आइसोलेशनमा लगिएको थियो ।

एक सय ७७ यात्रु बोकेको उक्त विमान विमान स्थलबाट उड्नुभन्दा केही मिनेटअघि रनवेमा रोकियो । सबै यात्रु र चालक दललाई आपतकालीन ढोकाबाट उतारेपछि विमानको राम्ररी चेकजाँच गरिएको हो । तर, विमानभित्र कुनै संदिग्ध वस्तु फेला परेन ।

'अहिले विमान निरीक्षण भइरहेको छ । सबै सुरक्षा जाँच पूरा भएपछि, विमानलाई टर्मिनल क्षेत्रमा फिर्ता लगिनेछ' -एयरलाइन्सले जारी गरेको विज्ञप्तिमा भनिएको छ । यो राजधानी नयाँदिल्लीका विद्यालय, विमानस्थल र अस्पतालमा पठाइएको नक्कली बम धम्कीको श्रृङ्खला मध्ये पछिल्लो घटना हो ।



# युएईका राजदूतले गरे बिबिटीको उदघाट्न




**झापा, जेठ १५।** युएईको राजधानी अबुधाबीमा बिबिटी रेस्टुरेन्टको औपचारिक उदधाटन भएको छ । युएईका लागि नेपाली राजदूत तेजबहादुर क्षेत्री, द्वितीय सचिव भुपेन्द्र घिमिरे, श्रम सहचारी अबिद अन्सारीको उपस्थितिमा बेस्ट बर्गर टाउन रेस्टुरेन्टको औपचारिक सेवा शुरु २३ मेबाट शुरु भएको हो ।

अबुधाबीको नेपाली समुदायमा परिचित नारायण पन्डितले वैदिक बिधिबाट मन्त्रोचारण गरेपछि सपरिवार उपस्थित राजदूत क्षेत्रीले रिवन काटेर रेस्टुरेन्टको औपचारिक उदघाट्न गरेका हुन् । रेस्टुरेन्टका सञ्चालक रामेछापका युवा केशव कार्कीले युएईमा समस्यामा परेका नेपालीहरुको लागि निः शुल्क सेल्टर तथा खाना उपलब्ध गराइरहेकोमा दूतावासले सञ्चालक कार्कीको सामाजिक उत्तरदायित्वको प्रशसा गरे । युएईमा नेपाली व्यावसायीहरुको उपस्थितिले नेपालकै आर्थिक विकासमा सकारात्मक सहयोग हुने बताउँदै राजदूत क्षेत्रीले व्यावसायिक सफलताको लागि शुभकामना व्यक्त गरेका थिए ।

युएईको नेपाली समुदायमा तुलनात्मक रूपमा सुलभ र गुणस्तरीय खाना उपलब्ध गराउने उदेश्यले स्थापना गरिएको उक्त रेस्टुरेन्टले नेपाली अतिरिक्त भारतीय, पाकिस्तानी, फिलिपिन्स खाना पनि उपलब्ध गराउने संचालक केशव कार्कीले बताए । चिकेन खाना दश दिराममै उपलब्ध गराउने यो रेस्टुरेन्टमा सबै प्रकारका मःमः र चाउमीन पनि दश दिराममै कारोबार गर्दछ ।

कार्यक्रममा एनआरएनए एनसीसी उपाध्यक्ष फडिन्द्र ढकाल, नेपाल पत्रकार महासंघ सदस्य उमाकान्त पाण्डे, रुपेश अधिकारी, कृष्ण कुवर, प्रभु बैंकबाट प्रकाश पौडेल, हिमालयन बैंकबाट गोकुल ज्ञवाली, ग्लोबल आइएमई बैंकबाट अर्जुन चापागाईं लगायत व्यावसायिक व्यतित्व खगेन्द्र शर्मा, गीतकार दिपराज न्योङ्हाङ लगायत सर्वसाधारण नेपालीहरुको बाक्लो उपस्थितिमा रेस्टुरेन्टले सेवा प्रारम्भ गरेको छ ।

कार्यक्रममा युएईका स्थानीय नागरिकहरु पनि उपस्थित भएर रेस्टुरेन्टको सफलताको लागि शुभकामना दिएका थिए । उद्घाटन कार्यक्रमपछि आयोजना भएको शुभकामना आदानप्रदान कार्यक्रमको सञ्चालन रेस्टुरेन्टका व्यवस्थापक बिष्णुप्रसाद लामिछानेले गरेका थिए भने उक्त रेस्टुरेन्टको ग्रुप अफ कम्पनीको रियल स्टेट इन्चार्ज रामप्रसाद ढुंगेलले कम्पनीको बारेमा प्रकाश पार्दै स्वागत गरेका थिए ।

# एनएमसीले बुझायो ज्ञापन पत्र



**दमक, जेठ १५।** पछिल्लो समय सहकारी क्षेत्रमा गरिँदै आएको आक्रमणबिरुद्ध देशकै अग्रणी सहकारी संस्थाको रुपमा परिचित नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. (एनएमसी)ले प्रशासन समक्ष ज्ञापन पत्र पेस गरेको छ ।

राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान नेपालको नाममा केही व्यक्तिहरु उदण्ड बन्दै ऋणी सदस्यलाई ऋण तिर्नु पर्दैन भन्दै उकास्ने, संस्थाका पदाधिकारी एवम् कर्मचारीहरुलाई धम्क्याउने जस्ता क्रियाकलाप गरेको पाइएकोले सोकाबिरुद्ध एनएमसीले इलाका प्रहरी कार्यालय दमकमा ज्ञापनपत्र पेस गरेको हो ।

जेठ ६ गते आइतबार संस्थाका सदस्य समेत रहेका कमल गाउँपालिका वडा नं. ५ निवासी भक्तिराम ताजपुरिया समेतको संलग्नतामा अभियानको नाममा एनएमसीको दमक सेवाकेन्द्रमा उपस्थित भई धम्क्याउने र वातावरण उत्तेजित बनाउने जस्ता कार्य गरेका कारण संस्थामा कार्यरत समिति एवम् कर्मचारीहरुले असुरक्षित महशुस गरेका कारण उक्त कार्यमा संलग्न व्यक्तिहरुलाई प्रचलित कानूनी व्यवस्था अनुसार कारवाही र संस्थाको कार्य सञ्चालनका क्रममा शान्ति सुरक्षाको आवश्यक व्यवस्थापनका लागि ज्ञापन पत्र मार्फत प्रशासन समक्ष अनुरोध गरिएको छ ।

संस्थाका अध्यक्ष ठाकुरप्रसाद शिवाकोटी, संस्थापक अध्यक्ष रामचन्द्र उप्रेती, प्रमुख कार्यकारी अधिकृत लक्ष्मीप्रसाद उप्रेती लगायत स्थानीय समिति पदाधिकारी तथा कर्मचारीको संयुक्त टोलीले ज्ञापन पत्र बुझाउँदै संस्थाले बचत तथा ऋण व्यवसाय अन्तर्गत सदस्यहरुको सानोतिनो बचत सङ्कलन गरी सदस्यहरुलाई नै कर्जा उपलब्ध गराउँदै आएको छ ।

कोभिड-१९ को विश्वव्यापी प्रभाव, त्यसपछिको आर्थिक मन्दी जस्ता कारणले कतिपय सदस्यलाई कर्जा बुझाउन समस्या समेत परेको हुनाले सदस्यको यो अप्ठ्यारोलाई महशुस गर्दै सदस्यले बुझाउनुपर्ने हर्जानामा ५० प्रतिशतसम्म र ब्याजमा २५ प्रतिशतसम्म छुटको सुविधा समेत संस्थाले प्रदान गरेको हुँदा सहकारी क्षेत्रको उन्नयनमा यसप्रकारका गतिविधिले अवरोध सिर्जना गर्ने हुँदा सोतर्फ एनएमसीको विशेष चासो रहेको संस्थाका अध्यक्ष शिवाकोटीले बताए ।

सहकारी अभियानमा सधैँ अग्रणी भूमिका निर्वाह गर्दे आएको एनएमसीले सदैव सदस्य तथा समुदायको हितका लागि काम गर्दै आएको हुनाले केही निश्चित झुण्डका कारण सहकारी कै बदनाम गर्ने गरी चालिएको पछिल्ला कदमको भर्त्सना समेत गर्ने अध्यक्ष शिवाकोटीको भनाइ छ ।

सदस्यलाई प्रवाह गरेको ऋण सदस्यको नै बचत भएकाले सदस्यको बचतको सुरक्षा गर्नु संस्थाको प्रमुख दायित्व रहेको जनाउँदै संस्थापक अध्यक्ष उप्रेतीले यसप्रकारका कथित अभियानले सहकारीका सदस्यको हित नगर्ने बताए ।

तीन दशक सहकारी अभियान मार्फत विभिन्न व्यवसायका साथै सामुदायिक गतिविधि सञ्चालन गर्दै आएको एनएमसीलाई राज्यले समेत पुरस्कृत गर्दै आएको र आफ्ना सदस्यको हित अनुरुप काम गरेका कारण सदस्यले एनएमसी रोज्ने गरेकाले अभियानका नाममा सदस्यलाई उकास्ने अनि समिति तथा पदाधिकारीलाई धम्क्याउने काम बन्द गर्न गर्नुपर्ने एनएमसीका प्रमुख कार्यकारी अधिकृत लक्ष्मीप्रसाद उप्रेतीको भनाइ छ ।

**ताजा तथा विश्वसनीय समाचारका लागि**
www.purwanchaldaily.com पूर्वाञ्चल Purwanchaldaily.com
Log in गरौं ।

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ । **सम्पर्क :**
९८०४९५४४००, ९८६६२४२४६६
अर्जुनधारा नपा- ४, झापा

**चुलाचुली डढुई सामुदायिक वन उपभोक्ता समूह**
माई नगरपालिका-६, इलाम
*प्रकाशित मिति :* २०८१/०२/१६

**काठ लिलाम बिक्री सम्बन्धी सूचना**

यस चुलाचुली डढुई सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादित गोलीया घाटगट्टीमा विभिन्न लट र पायलमा विभाजित निम्न परिमाणको काठ लिलाम बिक्री गर्नुपर्ने भएकोले डिभिजन वन कार्यालय इलामको मिति २०८१/०२/०६ को चं. नं. १०,८१७ लिलाम बिक्री सहमति अनुसार लिलाम बिक्री गर्नुपर्ने भएकोले काठ जे-जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, संघ-संस्था, फर्म वा कम्पनीले सूचना प्रकाशित भएको मितिले २१ दिनभित्रमा सिलबन्दी बोलपत्र दालिख गर्न यो सूचना प्रकाशित गरिएको छ । पूर्ण व्यहोराको सूचना लिन यस सा.व.उ. समूहको कार्यालयमा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ ।

**तपशिल**

| लट नं. | जात | स्तर (ग्रेड) ए थान | ए परिमाण (क्यू.फि.) | बी थान | बी परिमाण (क्यू.फि.) | सी थान | सी परिमाण (क्यू.फि.) | डी थान | डी परिमाण (क्यू.फि.) | जम्मा थान | जम्मा परिमाण (क्यू.फि.) | प्रयोजन | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २. | साल गोलीया | १४ | २३३.०३ | २२ | २०५.८८ | १६ | ८८.७७ | - | - | ५२ | ५२७.६८ | समूह बाहिर | |
| ३. | साल गोलिया | १५ | १९४.१४ | १३ | १३५.२५ | २९ | १८४.६७ | - | - | ५७ | ५१४.०६ | समूह बाहिर | |

**चुलाचुली डढुई सामुदायिक वन उपभोक्ता समूह, माई नगरपालिका-६, इलाम**

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*



सम्पर्क :
देवराज गिरी ९७०६१९६४०६ ९८४२०७०५८६
विशाल हरिजन ९८१४९१७७११ ९८४२७३३६१२

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. ९८०३२५०४७२
९८०१३६४०९३

**बराल ट्याक्सी सर्भिस**
दमक-बिर्तामोड-जितपुर-मंगलबारे
दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४ ९८४०३८७६७५
जीवन कार्की ९८१६९४०१७३
मे १ ज १६७०

**हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
समय मिश्रित फलदायी छ, पेट सम्बन्धी समस्याले सताउन सक्छ, सानो काममा धेरै मेहेनत गर्नुपर्ने योग छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
समय त्यति अनुकूल देखिएन, बोल्दा विचार पुऱ्याउनु पर्छ, खानपानमा ध्यान दिनुहोला । विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला खर्चिलो योग रहेको छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
पढाई तथा प्रेममा सफलता हुने देखिन्छ, रचनात्मक तथा कलाकारीतामा मन जानेछ, सन्तान पक्षबाट सन्तुष्टि मिल्नेछ, मन प्रशन्न रहला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
समय सामान्य रहेको छ, खर्च बढेर जानेछ, काम सफलता नहुँदा मन खिन्न रहला, स्वास्थ्यमा गडबडीको योग रहेको छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
व्यापार-व्यवसायमा लाभ मिल्नेछ, सानै सफलताले पनि ठूलो खुशी प्राप्त हुनेछ, रचनात्मक तथा कलाकारितामा मन जानेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
अनावश्यक खर्च गर्नुपर्दा मन अशान्त रहन्छ, अवसरका निम्ति निक्कै दौडधुप गर्नुपर्छ, पेट सम्बन्धी समस्याले सताउन सक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
व्यापार-व्यवसायमा पदोन्नतीको योग छ, धन लाभ होला, उत्तम भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
मेहनतले राम्रो परिणाम प्राप्त हुनेछ, दिगो फाइदा हुने काम प्रारम्भ हुने समय रहेको छ, दाम्पत्य जीवन सुखी रहला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुनेछन् ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
सुख र धनको प्राप्ती हुनेछ, मान, प्रतिष्ठा, इज्जत बढेर जानेछ, शत्रुमाथि बिजय प्राप्त हुनेछ, दाम्पत्य सुख मिल्ने छ मन हर्षित रहला ।